प्रदेश सरकार

कृषि मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र ताप्लेजुङ

प्रदेश

फोन न.: ०२४- ४६०१३०
इमेल :akctaplejung@gmail.com

प.सं:- ०७९/०८०

च.न:-

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०७/०२

आवेदन पेश गर्ने अन्तिम मिति २०७९/०७/२२

यस कृषि ज्ञान केन्द्रको आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "प्रदेश कृषि व्यवसाय अनुदान नियमावली २०७८" वमोजिमको शर्तहरुको अधिनमा रही देहायका कार्यक्रमहरू कार्यान्वयनका लागि साझेदारीमा संचालन गर्न इच्छुक ताप्लेजुङ जिल्लाका कृषक समुह/कृषि सहकारी/कृषि फर्म/संस्था/कम्पनी र कृषि फर्महरुवाट यो सूचना प्रकाशित भएको मितिले २१(एकाइस) दिन भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ । थप जानकारीको लागि कृषि ज्ञान केन्द्र ताप्लेजुङको फोन नं. ०२४-४६०१३०, सुचना अधिकारी श्री विनय महर्जन ९८५२६६०१३५ मा सम्पर्क राख्नु हुन साथै कृषि मन्त्रालय प्रदेश नं. १ विराटनगरको वेवसाईट **www.molmac.p1.gov.np** बाट "प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन - २०७७" , नियमावली-२०७८ र मापदण्ड-२०७८ डाउनलोड गरि जानकारी लिन सक्नुहुनेछ।

संचालन गरिने कार्यक्रमहरू

| क्र.सं | कियाकलापहरुको विवरण | इकाई | परिमाण | प्रति इकाई साझेदारी रकम रु. (हजारमा) | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | हेक्टर | २०० | २४०० | कृषक समूह/कृषि सहकारी संस्था | एक स्थानिय तह भित्र ५० हेक्टर क्षेत्रफलको क्लष्टर निर्धारण गरी कार्यक्रम माग सम्वन्धि आवेदन पेश गर्नु पर्नेछ । |
| २ | किबी खेती प्रवर्धन कार्यक्रम | संख्या | ५ | ३००० | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म /उद्यमी | लागतको अधिकतम ७५% |
| ३ | गडयौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम | संखया | ४० | २००० | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी | लागतको अधिकतम ७५% |
| ४ | व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | ८ | २४०० | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म /उद्यमी | लागतको अधिकतम ७५% |
| ५ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय | संख्या | १० | १००० | महिला, दलित, बिपन्न तथा पिछडिएको समुदायका कृषि | PAN नम्बर अनिवार्य पेश गर्नु पर्नेछ । |

प्रदेश सरकार

कृषि मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र ताप्लेजुङ

फोन न.: ०२४- ४६०१३०

इमेल :akctaplejung@gmail.com

प.सं:- ०७९/०८०

च.न:-

| क.सं | क्रियाकलापहरुको विवरण | इकाई | परिमाण | प्रति इकाई साझेदारी रकम रु. (हजारमा) | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| | लक्षित कार्यक्रम | | | | उद्यमीहरु | |
| ६ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | संख्या | ३० | ३००० | १८ देखि ५० बर्ष उमेर ननाघेका विदेश बाट फर्केका तथा विदेश जान लागेका स्थानीय बेरोजगार युवाहरु | पासपोर्टको प्रतिलिपि र PAN नम्वर अनिवार्य पेश गर्नु पर्नेछ । |
| ७ | नमुना कृषि फार्म स्थापना सहयोग | संख्या | ३ | १५०० | कृषि फर्म/ निजि उद्यमी | लागतको अधिकतम ७५% |
| ८ | आलु भण्डारणको लागी रष्टिक स्टोर भण्डार निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) | संख्या | १ | ५०० | कृषक समूह/कृषि सहकारी संस्था | लागतको अधिकतम ७५% |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. निवेदनमा रु १० को टिकट टाँस गरिएको हुनु पर्नेछ ।

२. कृषक समुह/कृषि सहकारी संस्थाको निर्णय प्रतिलिपि ।

३. कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुको दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।

४. कृषक समूह/कृषि सहकारी तथा कृषि फर्महरुको *PAN* वा *VAT* प्रमाण-पत्रको प्रतिलिपी ।

५. कृषि सहकारी संस्थाको हकमा आ.व. २०७८/०७९ को लेखापरिक्षणको प्रतिलिपी ।

६. कृषि फर्म, कृषक समूह र कृषि सहकरीहरुको आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

७. नेपाली नागरिकताको प्रतिलिपी ।

८. जग्गा धनीपुर्जा प्रमाण-पत्रको प्रतिलिपी/जग्गा करारमा लिएको भए तरकारी र खाद्यन्न वालीको लागि पाँच वर्ष र फलफुल वाली र रस्टिक स्टोरको लागि पन्ध्र वर्ष करार सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपी ।

९. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।(सिफारिस पत्रमा सोही प्रकृतिको अनुदान स्थानिय तहवाट लिए नलिएको खुलाउनु पर्नेछ)

१०. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागी अन्य निकायबाट अनुदान नलिएको र नलिने र बिगतमा ३ बर्ष देखि अनुदान नलिएको स्वः घोषणा पत्र पेश गर्नु पर्नेछ।

निमित प्रमुख

सन्तोष थापा

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र ताप्लेजुङ**

फोन न.: ०२४- ४६०१३०
इमेल :akctaplejung@gmail.com

प.सं:- ०७९/०८०
च.न:-

११. कृषि सम्वन्धि अनुभव तथा तालिमको प्रमाण-पत्रहरुको प्रतिलिपि सथै नियमावलीमा उल्लेख भए अनुसारका थप कागजातहरु।

१२. निवेदन दर्ता दस्तुर देहाय वमोजिमको राजश्व रकम नेपाल वैंक लिमिटेडमा दाखिला गरी सक्कल भौचर आवेदन साथ संलग्न गरी राख्नु पर्नेछ ।

| क.सं | आवेदकको प्रकृति | दर ( प्रति आवेदन ) |
|---|---|---|
| १ | कृषक समुह/कृषि सहकारी संस्था/संस्थान/कम्पनी र निजि कृषि फर्महरुको | रु २०० |
| २ | व्यक्तिगत | रु १०० |

राजश्व खाता रहेको वैंक :- नेपाल वैंक लिमिटेड    खाता नं.:- २७००२०००००१००१००००००१

---

कार्यालयको कोड :-३१२०१०१०११    कार्यालयको नाम :- कृषि ज्ञान केन्द्र ताप्लेजुङ

राजश्व शिर्षक :- १४२२९    वापत :- निवेदन दस्तुर

नोट:

माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढाँचा र सम्वन्धित कार्यक्रम सञ्चालन सम्वन्धि मापदण्ड कृषि ज्ञान केन्द्र ताप्लेजुङवाट प्राप्त गर्न सक्नुहुनेछ साथै निवेदन दस्तुर भूक्तानीको लागि कार्यालयले सहजीकरण गर्ने छ ।आवेदकहरुले विगत ३ आर्थिक वर्षमा विभिन्न सरकारी निकाय/कार्यालय र आयोजना तथा परियोजनाहरुवाट अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदनहरुको प्रस्तावना र आवेदन दर्ता नहुने तथा जुन सुकै समयमा रद्द हुने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईन्छ।

निमित्त प्रमुख
सन्तोष थापा